सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४९
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

च.नं. ४२

मिति : २०७६।६।२७

विषय : सहभागिता सम्बन्धमा ।

**श्री सबै स्थानिय तह**
**प्रदेश नं. ३ ।**
**(मार्फत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीका विवरणहरुलाई एउटै प्रणालीमा समावेश गरी व्यवस्थित गर्नका लागि रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ बमोजिमको रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास भईसकेको छ । उक्त रोजगार व्यवस्थापन सूचना प्रणालीमा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रमा खटिएका रोजगार संयोजकहरुले सम्बन्धित स्थानीय तह भित्रको रोजगारी सम्बन्धी तथ्याङ्कलाई प्रविष्टि गर्नु पर्ने भएको हुँदा रोजगार संयोजकहरुलाई उक्त प्रणालीको प्रयोगमा दक्ष बनाउन आवश्यक भएको छ ।

अतः प्रदेश नं. ३ का स्थानीय तहहरुका लागि देहायको मिति, समय र स्थानमा सञ्चालन गर्न लागिएको रोजगार व्यवस्थापन सूचना प्रणालीको तालीममा त्यस गाउँपालिका/नगरपालिकाबाट रोजगार संयोजक र रोजगार संयोजक नखटिएका स्थानीय तहको हकमा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी कार्य गर्न तोकिनुभएको कर्मचारीको उपस्थितिका लागि निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल

| प्रदेशको नाम | जिल्ला | मिति | समय | स्थान |
|---|---|---|---|---|
| प्रदेश नं. ३ | मकवानपुर, काठमाडौं, भक्तपुर, ललितपूर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक | २०७६।७१-२ | २०७६।७१ (बिहान ८:०० बजेदेखि)<br>२०७६।७२ (बिहान ८:०० बजेदेखि दिनको १२:०० बजेसम्म) | होटल सामना, हेटौडा |
| | धादिङ, रसुवा, नुवाकोट, दोलखा, रामेछाप, चितवन, सिन्धुली | २०७६।७२-३ | २०७६।७२ (दिनको १:०० बजेदेखि)<br>२०७६।७३ (बिहान ८:०० बजेदेखि) | |

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४९
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

पुनश्च :

- *सहभागी हुने रोजगार संयोजकले आवासको व्यवस्था आफै गर्नु पर्नेछ । सोका लागि नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।*
- *मन्त्रालयबाट यस अघि परिपत्र भए बमोजिम केही स्थानीय तहहरुबाट वित्तिय प्रगति विवरण अझै आइनसकेको हुँदा कार्यक्रममा आउँदा उक्त विवरण समेत लिएर आउनुहुन अनुरोध गरिन्छ ।*
- *त्यस गाउँपालिका/नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन सम्बन्धमा भएको प्रगतिको विवरण यसै पत्रसाथ संलग्न ढाँचामा भरेर लिएर आउनुहुन अनुरोध गरिन्छ । प्रगति विवरण पठाउने ढाँचाको सफ्टकपी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np मा उपलब्ध छ ।*

२०७४।६।२७

(विपना ज्ञवाली)
शाखा अधिकृत